# Epidural Information Card
## इपिड्चूरलको बारे जानकारीपत्र

यो जानकारीपत्र छोटकरीमा दिइएको हुनाले_विस्तृत बिबरणका निम्ती www.oaa.mothers.info मा हेर्नुहोला । यदि कुनै बिषयमा दुबिधा उत्पन्न भएमा आफुलाई अचेतना गराउने चिकित्सकसंग सम्पर्क राख्नु होला ।

### Setting Up Your Epidural
### इपिडचूरल राख्ने प्रकिया

संभवत तपाईलाइ एउटा नशामा औषधि दिने सुइ तथा सलाइन पानी दिनुपर्ने हुन सक्दछ ।

इपिड्चूरल राख्ने बेलामा स्थिर भएर वस्नु पर्दछ र प्रसवबेदना सुरुभएमा तुरुन्त चिकित्सकलाई खबर गर्नु पर्दछ ।

साधारणतया इपिड्चूरल राख्ने प्रकियाका निम्ती २० मिनेट लाग्दछ र यसले काम गर्नको निम्ती थप २० मिनेटको आबश्यकता पर्दछ ।

कुनै कुनै इपिड्चूरलले राम्रोसंग र पूर्णरुपले काम नगर्नाले यदाकदा यसलाई पुन राख्नु पर्ने स्थिति आउन सक्दछ ।

### Advantages of an Epidural
### इपिड्चूरलका फाइदाहरु

यो एउटा राम्रो दुखाई कमगर्ने माध्ययम हो र कहिलेकहि छिटो काम गरोस भनेर स्पाइनल पनि दिइन्छ । औषधिको प्रकार र मात्रा बदलेर तपाइलाई हिडन सक्ने बनाउन सकिन्छ । यस प्रकारको इपिडचूरललाई कम मात्राको इपिडचूरल अथवा हिडज मिल्ने इपिड्चूरल भनिन्छ । सामन्यतया यसले गर्भमा रहेको बच्चालाई असर गर्दैन । यदि सल्यक्रिया गर्नुपर्ने अबस्था आएमा यसलाई थप्न सकिन्छ ।

### Possible Problems with Epidural
### इपिडचूरबाट हुनसक्ने सम्भावित समस्याहरु

बारम्बार औषधि थप्नाले र मात्रा धेरै हुनाले खुट्टा भारी हुने र लठ्िने हुन सक्दछ । जसका कारण Forceps र Ventose को माध्यमबाट बच्च जन्माउने अबस्था आउन सक्दछ । प्रसबको दोस्रो अबस्थालाई केहिहदसम्म लम्ब्याउन सकिन्छ । यसका कारण तपाईको रक्तचाप घटने, चिलाउने र ज्वरो आउने हुन सक्दछ । इपिड्चूरल राखेको ठाउमा केहिदिन सम्म दुखाइ महशुस हुन सक्दछ । इपिडचूरलका कारणले ढाड दुख्ने समस्या हुदैन । गर्भधारण पश्चात गर्भावस्थाका कारणले ढाड दुख्ने गर्दछ ।

यो जानकारीपत्रको पछाडीको भागमा यसका सम्भाबित समस्याहरुका वारेमा चर्चा गरिएको छ ।

# Epidural Information Card

## इपिडच्यूरल सम्वन्धि जानकारीपत्र

प्रसव वेदना निराकरणका निम्ती राखिएको इपिडच्यूरल वा स्पाइनलका कारण हुनसक्ने समस्याहरु र जोखिम यस प्रकार छन ।

| | कतिमा हुन सक्दछ ? | कतिको सामान्य छ ? |
|---|---|---|
| रक्तचापमा आउने कमी | ५० मा १ | कहिलेकहि |
| पहिले दिएको औषधिले राम्ररी काम गर्न नसक्नुका कारण थप औषधि दिनुपर्ने अवस्था । | ८ मा १ | सामान्य |
| औषधिले राम्ररी काम नगर्नाले शल्यक्रिया गर्दा पूर्णरुपमा बेहोस गर्नुपर्ने अबस्था । | २० मा १ | कहिलेकहि |
| टाउको दुख्ने । | १०० मा १ इपिड्च्यूरल<br><br>५०० मा १ स्पाइनल | धेरैकम |
| स्नायु विग्रने खुट्टाको कुनै भाग लाटो हुने वा पूर्ण रुपले कमजोर हुने ।<br><br>छ महिना भन्दा बढि यो अवस्था रहिरहने । | केहिसमयका लागि १००० मा १<br><br>पुर्णकालिन १३००० मा १ | असम्भावित<br><br>धेरैअसम्भावित |
| इपिडच्यूरलमा संक्रमण भएमा मेनइन्जाइटिस हुने संभावना रहने । | ५००० मा १ | धेरैअसम्भावित |
| इपिच्यूरलमा रगत जम्ने । | १००००० मा १ | धेरैअसम्भावित |
| आकस्मिक बेहोसिपन । | १७०००० मा १ | धेरैअसम्भावित |
| पूर्णरुपले प्यारालाइसिस हुन सक्ने । | २५०००० मा १ | धेरैअसम्भावित |

यहा उल्लेखित सम्पूर्ण विवरणहरुले सम्भावित जोखिमहरुको पुर्णरुपमा संख्यात्मक हिसाब दिदैनन् । यी केवल प्रकाशित विवरणका आधारमा तयार पारिएका संख्या हुन । विभिन्न अस्पतालहरुमा यो संख्यामा परिवर्तन पनि हुन सक्दछ ।

अबष्ट्रेटिक एनेस्थेसीया एसोसीएसन
Obstetric Anaesthetists' Association January 2008

अनुबाद २०१२